# मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड १) मुसिकोट,गुल्मी,चैत्र ३० गते,२०७४ साल (संख्याः २६

# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

## मुसिकोट नगरपालिका नगर स्वास्थ्य निति २०७४

मुसिकोट नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४" को दफा ३ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२)(झ) को व्यवस्थालाइ कार्यान्वयन गर्न मुसिकोट नगरपालिकाको नगरसभाले वनाएको देहायको स्वास्थ्य नीति स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# मुसिकोट नगरपालिका नगर स्वास्थ्य निति २०७४

## १. पृष्ठभूमी

स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरुलाई विकासका प्रमुख सुचकाङ्कहरुको रुपमा लिइन्छ। विगतका दशकमा गरिबी र द्वन्द्वका बावजुद पनि नेपालले स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरेको छ । नेपालको संविधानले स्वास्थ्यलाई जनताको मौलिक हकको रुपमा स्थापित गरिसकेको सन्दर्भमा सङ्क्रामक रोगहरु नियन्त्रमा प्राप्त उपलब्धिहरुलाई कायम राख्नु, नवजात शिशु तथा मातृ मृत्युदरलाई वाञ्छित तहसम्म घटाउनु, बढ्दै गएको नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु र कुनै पनि बेला हुनसक्ने स्वास्थ्य सम्बन्धि विपद् व्यवस्थापन तत्काल गर्नु, जेष्ठ नागरिक, शारिरीक र मानसिक अपाङ्गता भएका, एकल महिला, खास गरी गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु स्थानीय सरकारको दायित्व हो । जनउत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक सबै स्रोत र साधनको अधिकतम् परिचालन गरि प्राप्त भएका उपलब्धिहरुको रक्षा गर्दै स्वास्थ्य क्षेत्रमा विद्यमान तथा नँया चुनौतीहरुलाई सही ढङ्गले सम्बोधन गरेर नागरिकको स्वास्थ्य प्रवद्र्धन, संरक्षण, सुधार र पुनरुथापन गर्न राष्ट्रिय स्वास्थ्य नीति २०७१ को भावना अनुसार मुसिकोट नगरपालिको स्वास्थ्य नीति तयार गरिएको छ।

## २. विद्यमान स्थिति (राष्ट्रिय स्तर)

विद्यमान साठी वर्षको सङ्गठित प्रयासले स्वास्थ्य क्षेत्रमा उल्लेखित उपलब्धिहरु हाँसिल भएका छन् । शहर केन्द्रित र उपचारात्मक सेवामा मात्र संलग्न देखिए पनि स्वास्थ्यमा निजी क्षेत्रको सहभागीता बढेको छ ।

यसैगरी, सर्वसुलभ रुपमा सेवाहरु उपलब्ध नभए पनि सरकारी र गैर सरकारी क्षेत्रमा आँखा, क्यान्सर, मुटु, मिगौला, स्नायु, हाडजोर्नी र प्लास्टिक सर्जरी सम्बन्धी विशिष्ट उपचार गर्ने केही संस्थाहरु स्थापित भएका छन् । रोग निदान केन्द्र तथा प्रयोगशाला सुदृढ तथा विस्तार भएका छन् । विगतका दशकहरुमा मुलुकको मुख्य समस्याको रुपमा रही आएका औलो, क्षयरोग, झाडापखाला, श्वासप्रश्वास, टाइफाइड, दादुरा, लहरे खोकी, भ्यागुते, धनुष्टङ्कार, हात्तीपाइले, कालाजार, ट्रकोमा, एचआईभी जस्ता संक्रामक रोगहरु नियन्त्रणमा छन् र रोग भार घट्दो क्रममा छ । नेपालबाट विफर उन्मुलन र पोलियो शून्य अवस्थामा आइसकेको छ । कुष्ठरोग निवारणको अवस्थामा रहेको छ । मातृ तथा शिशु धनुष्टङ्कार निवारण भइसकेको र ट्रकोमा निवारण हुने अवस्थामा छ । हात्तीपाइले रोग निवारणको अभियान सञ्चालन भइरहेको छ ।

स्वास्थ्यका लागि मानव संसाधन उत्पादन, स्वास्थ्य सेवा, आपूर्ति गरिने औषधी र सम्पादन गरिने अनुसन्धानको गुणस्तरीयता सुनिश्चितताका लागि नियमन गर्ने विभिन्न निकायहरु (मेडिकल काउन्सिल, नर्सिङ काउन्सिल, फार्मेसी काउन्सिल, स्वास्थ्य व्यवसायी परिषद्, आयुर्वेद चिकित्सा परिषद्, राष्ट्रिय स्वास्थ्य अनुसन्धान परिषद्) स्थापना भई कार्यरत रहेको अवस्था छ ।

स्वास्थ्य सम्बन्धी अन्तर्राष्ट्रिय सङ्घ÷संस्था र दातृ निकाय एवं राष्ट्रहरुसँगको सहकार्य र साझेदारी विकास भएको छ । स्वास्थ्य सम्बन्धी जनचेतनाका अभिवृद्धि भएको छ । शिक्षा, सञ्चार, यातायात, कृषि तथा खाद्यन्न आपूर्तिमा भएको सापेक्षित विकासले स्वास्थ्य विकासमा सघाउ पु-याएको छ ।

यी सबैको परिणाम स्वरुप स्वास्थ्य क्षेत्रमा उल्लेखनीय प्रगति भएको तथ्य निम्न सूचकाङ्कहरुले पुष्टि गर्दछन् ः

| क.स. | विषय | वि.सं. २००७ | वि.सं. २०४८ | वि.सं. २०६८ |
|---|---|---|---|---|
| १ | शिशु मृत्यु दर (प्रति एक हजार जीवित जन्म) | २०० | १०७ | ४६ |
| २ | मातृ मृत्यु दर (प्रति एक लाख जीवित जन्म) | १८०० | ८५० | १७० |
| ३ | औषत आयु (वर्षमा) | ३२ | ५३ | ६८.८ |
| ४ | पाँच वर्षमुनिका बच्चाहरुको मृत्यु दर (प्रति एक हजार) | २८० | १९७ | ५४ |
| ५ | कुल प्रजनन दर | ७ | ५.८ | २.६ |
| ६ | पूर्ण खोप पाउने बच्चाहरुको (प्रतिशत) | ८७ | | |

**३. समस्याहरु तथा चुनौतीहरु ः**

स्वास्थ्य क्षेत्रले कतिपय उल्लेखनीय सफलता हासिल गरिसकेको र मुलुक सकारात्मक बाटोमा अग्रसर भइरहेको भए तापनि सम्बोन्धन गरिनु पर्ने समस्याहरु र चुनौतीहरु अझै थुप्रै छन् । केही प्रमुख समस्या र चुनौतीहरु निम्नानुसार छन् ः

**प्रमुख समस्याहरु ः**

संविधानको भावना अनुसार सबै क्षेत्र, तह, तप्का, वर्ग तथा समुदायका नगरिकका लागि स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पु¥याउन सकिएको छैन ।

राज्यको निरन्तर प्रयास रहँदा रहँदै ५ वर्षमुनिका करिब आधा बालबालिका र प्रजनन उमेरका महिलाहरुमा न्यून पोषण व्याप्त छ भने शहरी क्षेत्रमा मोटोपन बढ्दो अवस्थामा छ ।

जलवायु परिवर्तन, बढ्दो खाद्य असुरक्षा तथा प्राकृतिक विपद्ले सृजना हुने मानवीय स्वास्थ्य समस्या बढ्दो छ ।

क्यान्सर, उच्च रक्तचाप लगाएत मुटुका रोगहरु, मधुमेह, मृगौला, कलेजो र फोक्सोका रोगहरुका साथै मानसिक रोग, दन्त रोग जस्ता नसर्ने प्रकृतिका रोगहरुको प्रकोप बढ्दो छ । त्यसैगरी, सडक दुर्घटना र चोटपटक बाट हुने मृत्युको संख्या दिन प्रतिदिन बढ्दो छ ।

शहरी क्षेत्रमा प्राथमिक स्वास्थ्य सेवा कार्यक्रम, जेष्ठ नागरिकको स्वास्थ्य, मानसिक स्वास्थ्य वंशानुगत तथा जन्मजात रोगहरुको सम्बोधन, वातावरणीय स्वास्थ्य, व्यवसायजन्य स्वास्थ्य, युवा, किशोरकिशोरीहरुको यौन तथा प्रजनन् स्वास्थ्य, विद्यालय जाने उमेरका बालबालिकाहरुका स्वास्थ्य प्रवद्र्धन आदिमा पर्याप्त प्राथमिकता दिन सकेको छैन ।

गुणस्तरीय औषधीमा जनताको पहँुच, औषधीको समुचित प्रयोग, अत्यावश्यक औषधी र उपकरणको राष्ट्रिय उत्पादन र वितरण प्रभावकारी र जनमुखी बनाउन सकिएको छैन ।

विद्यमान प्रयोगशाला सेवा र औषधी उपकरण आदिको मापदण्ड अनुसारको गुणस्तरयुक्त आपूर्ति हुन सकेको छैन ।

स्वास्थ्यकर्मी र कर्मचारीहरुको सरुवा, स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीहरुको निरन्तर उपस्थिति, स्वास्थ्यकर्मीहरुको सुरक्षा आदिमा देखिएका जटिलताहरुलाई योजनाबद्ध रुपमा सम्बोधन गर्न सकिएको छैन ।

**प्रमुख चुनौतीहरु** ः

- स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी ढङ्गले प्रवाह गर्न आवश्यक दोहोरो प्रेषण प्रणलीको उपयुक्त कार्यन्वयन गर्नु पर्ने ।
- अति संक्रामक रोग –जस्तै वर्डफ्लु वा नँया देखापर्न सक्ने रोगहरुको तत्काल व्यवस्थापन, समय–समयमा देखा पर्ने महामारीको व्यवस्थापन र भूकम्प लगाएत प्राकृतिक प्रकोपबाट हुने संभावित

मानवीय क्षेति न्यूनीकरणका लागि पूर्व तयारी तथा अस्पताल र स्वास्थ्यम संस्था प्रवलीकरण गर्नुपर्ने ।

- नवजात शिशु, बाल तथा मातृ मृत्युदर घटाउन, झाडापखाला, श्वासप्रश्वास सम्बन्धी रोग, औलो, कालाजार, इन्सेफलाईटिस, हात्तीपाईले रोग, डेङ्गी, क्षयरोग, कुष्ठरोग, एचआइभी तथा खोपद्धारा रोकथाम गर्न सकिने सङ्क्रामक रोगहरुको नियन्त्रण गर्ने कार्यलाई थप प्रभावकारी बनाउनु पर्ने ।
- स्थानीय स्तरसम्मका स्वास्थ्य संस्थाहरुलाई सक्षम बनाउदै उपयुक्त सामाजिक स्वास्थ्य बिमा प्रणाली स्थापना गरी सबै नागरिकलाई समान रुपमा स्वास्थ्य सेवा, शिक्षा र सूचना उपलब्ध हुने अवसर सिर्जना गराउनु पर्ने ।
- जनसंख्याको वृद्धिले अनुपातमा स्वास्थ्य क्षेत्रमा स्थानीय तहको लगानी बढाउनु पर्ने आवश्यकता छ ।
- स्वास्थ्य क्षेत्रमा सूचनाहरुमा रहेको क्षेत्रगत असन्तुलनलाई तत्काल सम्बोधन गर्नुपर्ने ।
- स्वास्थ्य सम्बन्धी ऐन, नियम, नीती, रणनीती र कार्ययोजनाको समुचित र एकीकृत रुपमा सुदृढ दङ्गले कार्यान्वयन गराउनु पर्ने व्यवस्था छ ।
- अपाङ्गता सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र भएकोले आँखा नदेख्ने, दृष्टि कमजोर, कान नसुन्ने लगायत मानसिक तथा शारीरिक अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक आधारभुत स्वास्थ्य सेवामा स्थानीय तहको लगानी वृद्धि गर्नुपर्ने अवस्था छ ।
- स्वास्थ्य सेवाका लागि स्थानीय सरकारलाई अधिकार सम्पन्न र जनउत्तरदायी बनाउनुका साथै स्थानीय र ग्रामीण तहका स्वास्थ्य कार्यक्रमहरुमा थप जनसहभागीता जुटाउनु पर्ने ।



मुसिकोट राजपत्र

**४. नँया नीतिको आवश्यकता, निर्देशक सिद्धान्त तथा भावी सोच** :

माथि उल्लेखित समस्या तथा चुनौतीको व्यवस्थापन गरी गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको अधिकार सुनिश्चित गर्न यस मुसिकोट नगरपालिकाको स्वास्थ्य नीति जारी गर्न आवश्यक देखिएको छ । यस नीति तयार गर्दा यसका केही मौलिक निर्देशन सिद्धान्त प्रतिपादन गरि सोही आधारामा नीति तथा रणनीती प्रस्ताव गरिएका छन् । प्रस्तुत निर्देशन सिद्धान्तका आधारमा स्वास्थ्य नीतिको कार्यान्वयन गरिनेछ ।

- मुसिकोट नगरपालिका नागरिकहरुले मौलिक अधिकारको रुपमा आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने व्यवस्था सुनिश्चित गरिनेछ ।
- नागरिकले प्राप्त गर्ने स्वास्थ्य सेवा सम्बन्धी सूचनाको हकको सुनिश्चितता गरिनेछ ।
- मुसिकोट नगरपालिका द्धारा प्रदान गरिने स्वास्थ्य सेवामा गरिब, सिमान्तकृत र जोखिममा रहेका समुदायको पहुँच सुनिश्चित गर्न समता मुलक र सामाजिक न्यायको आधारमा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- स्वास्थ्य सेवाका हरेक तह र प्रकारमा नागरिकहरुको सहभागीता रहने छ ।
- नागरिकको स्वास्थ्य प्रवद्र्धन, संरक्षण, सुधार र पुनरुथापन सम्बन्धी नीति तथा कार्यक्रमहरु यस मुसिकोट नगरपालिकाका अन्य नीतिहरुमा पनि समावेश गराउदै लगिनेछ ।
- आन्तरीक तथा बाह्य निकायहरुबाट प्राप्त साधन श्रोतलाई यो नीति र यस अन्र्तगत बनेका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गरी परिचालन गरिनेछ ।

- सरकारी वा अलग संरचनको माध्यमबाट सरकारी तथा गैरसरकारी क्षेत्रबाट उपलब्ध गराइने सम्पूर्ण स्वास्थ्य सेवाहरुको नियमन गरिनेछ ।
- स्वास्थ्य सेवा प्रवाहलाई जवाफदेहीपूर्ण बनाइनेछ । राष्ट्रिय स्तर बाट निर्धारण गरिएका शर्सत स्वास्थ्य कार्यक्रमहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।

उपरोक्त निर्देशक सिद्धान्तलाई सार्थक रुपमा कार्यन्वयन गर्न यस नीतिको आवश्यकता भएको हो ।

### ४.१ भावी सोच (Vision)

सबै नागरिकहरु शारिरीक, मानसिक, सामजिक र भावनात्मक रुपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुने ।

### ४.२ ध्येय (Mission)

उपलब्ध साधन स्रोतको अधिकतम प्रयोग गरी स्वास्थ्य सेवा प्रद्रदायक, सेवाग्राही र सरोकारवालाहरु विच रणनीतिक सहकार्य गरी नगरिकहरुको स्वास्थ्य रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

### ४.३ लक्ष्य (Goal)

आधारभुत मौलिक अधिकारको रुपमा रहेको आधारभुत सबै नागरिकहरुलाई स्वास्थ्यको अधिकार सुनिश्चित गर्न गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच बृद्धि गरी न्यायसंगत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट स्वास्थ्य सेवा उपलब्ध गराउने ।

### ४.४ उद्देश्यहरु (Objectives)

- नागरिकको मौलिक अधिकारको रुपमा रहेको आधारभुत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने,

- प्रत्येक नागरिकले सहज रुपले गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरु सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणलीको स्थापन गर्ने ।
- स्वास्थ्य सेवा प्रवाहमा जनसहभागीता प्रवद्र्धन गर्ने । यस क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको संलग्नता बृद्धि र व्यवस्थित गर्दै अपन्त्व प्रवद्र्धन गर्ने ।

## ५. नीतिहरु (Policies)

- मौलिक हकका रुपमा रहेको गुणस्तरीय स्वास्थ्य सेवा सबै नागरिकहरुको सहज पहुँचमा पुग्ने गरी (Universal Heaith Coverage) प्रभावकारी रुपमा उपलब्ध गराउने एवं आधारभुत स्वास्थ्य सेवा निःशुल्क रुपमा उपलब्ध गराउने ।
- स्वास्थ्य सेवाहरु सर्वसुलभ एवं प्रभावकारी रुपमा प्रवाह गर्न आवश्यक दक्ष जनशक्तिको योजना, प्राप्ति, विकास तथा उपयोग गर्ने ।
- आयुर्वेद चिकित्सा प्रणालीको विकास तथा प्रचलित अन्य पूरक चिकित्सा प्रणालीहरुको संरक्षण एवं व्यवस्थित विकास गर्ने ।
- गुणस्तरीय औषधी र स्वास्थ्य सामाग्रीको सहज, नियमित तथा प्रभावकारी आपूर्ति एवं उपयोगलाई सुनिश्चित गर्ने ।
- नगर क्षेत्र भित्रका निजि अस्पताल, क्लिनिक तथा निजि स्वास्थ्य संस्थाहरुको नियमित नियमन, नियन्त्रण अनुगमन तथा विभिन्न सूचकहरुको रिपोर्टिङ गर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
- स्वास्थ्य सम्बन्धी सन्देश एवं सूचना सुलभ रुपमा प्राप्त गर्ने सूचनाको हक सम्बन्धी अधिकारलाई कार्यरुपमा परिणत गर्न शिक्षा, सूचना र सञ्चार कार्यक्रमलाई उच्च प्राथमिकता दिई जनस्वास्थ्य प्रवद्र्धन गर्ने ।

मुसिकोट राजपत्र

- गुणस्तरीय एवं स्वास्थ्य वद्र्धक खाद्य पदार्थको प्रवद्र्धन प्रयोग मार्फत कुपोषणलाई न्यूनीकरण गर्ने ।
- सक्षम एवं जवाफदेही समन्वय, अनुगमन तथा नियमन संयन्त्र एवं प्रक्रियाद्धारा स्वास्थ्य सेवा प्रवाह सुनिश्चिन गर्ने ।
- स्वास्थ्य क्षेत्रको व्यवस्थित तथा गुणस्तरीय विकासका लागि सार्वजनिक तथा निजी क्षेत्रको सहकार्यलाई प्रवद्र्धन गर्ने ।
- स्वास्थ्यसँग सम्बन्धित बहुपक्षीय सरोकारवाला निकायहरुको सहकार्यलाई थप सुदृढ गर्ने ।
- स्वास्थ्य संरक्षण तथा प्रवद्र्धनका लागि वातावरण प्रदुषण्को प्रभावकारीम नियन्त्रण गर्दै स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिक अधिकारलाई सुनिश्चित गर्ने ।
- विविध

६. रणनीतिहरु

**१. मौलिक हकका रुपमा रहेकेको गुणस्तरीय स्वास्थ्य सेवा सबै नागरिकहरुको पहुँचमा पुग्ने गरी (Universal Heaith Coverage) प्रभावकारी रुपमा उपलब्ध गराउने तथा आधारभुत स्वास्थ्य सेवा निःशुल्क रुपमा उपलब्ध गराउने सम्बन्धमा निम्न रणनीतिहरु (नीति १ सँग सम्बन्धित) लिइनेछ ।**

१.१ आधारभुत स्वास्थ्य सेवा निःशुल्क रुपमा उपलब्ध गराइनेछ ।

१.२ मानसिक, बौद्धिक तथा शारीरिक अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक सम्पूर्ण स्वास्थ्य सेवा अत्वावश्यक स्वास्थ्य सेवा अन्तगत समावेश गरिनेछ ।

१.३ आधारभुत स्वास्थ्य सेवाका कार्यक्रमलाई नागरिकरुको स्वास्थ्य सम्बन्धी आवश्यकतालाई परिपूर्ति गर्ने गरी आधारभुत स्वास्थ्य सेवा जनताको घर दैलो सम्म पु-याउन प्रत्येक टोल टोलमा स्वास्थय संस्था/शहरी स्वास्थ्य केन्द्र स्थापना गरिने छ ।

१.४ ज्येष्ठ नागरिकहरुको आवश्यकता बमाजोमको उपयुक्त स्वास्थ्य सेवा, हेरचाह र सहयोगको एकीकृत कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ ।

१.५ प्रतिकारात्मक र प्रबद्र्धनात्मक सेवामा दिई आएको प्राथमिकतालाई कायम राख्दै औषधी र प्रविधिको समुचित प्रयोग हुने गरी राष्ट्रिय मापदण्ड अनुसारको गुणस्तरयुक्त उपचारात्मक सेवा प्रवाह गर्दै लागिनेछ ।

१.६ खोप सेवा सहित सङ्क्रामक रोगहरुको व्यवस्थापन, नसर्ने रोग रोकथाम तथा नियन्त्रण, दुर्घटना तथा चोटपटक रोकथाम तथा उपचार लाई प्रभावकारी ढङ्गले लागु गरिनेछ ।

१.७ मातृ मृत्युदर, नवजात शिशु मृत्युदर, पाँच वर्षमुनिका बच्चाहरुको मृत्यु दर, औषत आयु जस्ता स्वास्थ्य र विकासका महत्वपूर्ण सूचकाङ्कहरुमा आधारित प्रगतिका लक्ष्यहरु किटान गरी आवधिक स्वास्थ्य क्षेत्रका कार्यक्रम कार्ययोजनाहरु तयार गरी लागु गरिनेछ । स्वास्थ्य संस्थाहरुबाट हुने प्रतिवेदन व्यवस्थालाई वैज्ञानिक, समयानुकल, विस्वसनीय र नियमित बनाइनेछ ।

१.८ मुसिकोट नगरपालिका बाटै संचालन हुने गरी एम्बुलेन्स तथा सव वाहन सेवा सर्वसुलभ उपलब्ध हुने व्यवस्था गरिनेछ । एम्बुलेन्स सेवामा अत्यावश्यक ओषधी, अक्सिजन र दक्ष स्वास्थ्यकर्मी सहितको सेवा उपलब्ध गराउने व्यवस्था सुनिश्चित गरिनेछ ।

१.९ परिवार नियोजना लगायत यौन तथा प्रजनन् स्वास्थ्यलाई एकीकृत सेवाको रुपमा कार्यान्वयन गरिनेछ । युवा तथा किशोर किशोरी मैत्री स्वास्थ्य सेवाको अवधारणालाई सम्पूर्ण स्वास्थ्य सेवाप्रदायक संस्थाहरुमा समावेश गराइनेछ

मुसिकोट राजपत्र

१.१० बाल स्वास्थ्य प्रबद्र्धन गर्ने एकीकृत बालरोग व्यवस्थापन कार्यक्रमलाई समयानुकुल सुदृढ तुल्याई निरन्तर कार्यान्वयन गरिनेछ ।

१.११ सूर्ति नियन्त्रण सम्बन्धी राष्ट्रिय प्रतिबद्धतालाई तदारुकताक साथ पालना गरिनेछ ।

**२. स्वास्थ्य सेवाहरु सर्वसुलभ एवं प्रभावकारी रुपमा प्रवाह गर्न अनावश्यक दक्ष जनशक्तिको योजना, प्राप्ति, विकास तथा उपयोग गर्ने सम्बन्धमा निम्न (नीति २ सँग सम्बन्धित) लिइनेछ ।**

२.१ यस मुसिकोट नगरपालिकाका क्षेत्र भित्र विस्तार गरिएका स्वास्थ्य संस्था तथा शहरी स्वास्थ्य केन्द्रहरुमा आवश्यक दक्ष जनशक्तिको आपूर्ति गरिनेछ ।

२.२ यस क्षेत्र भित्रका विभिन्न स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धि गर्न आवश्यक तालिम तथा गोष्ठीहरु सञ्चालन गरिने छ ।

२.३ स्वास्थ्य जनशक्तिलाई खटाएको ठाउँमा अनिवार्य रुपले कार्यरत रहने वातावरण निर्माण गरी जनशक्तिको सक्रिय र अटुट उपस्थिति सुनिश्चित गरिनेछ ।

२.४ जनसंख्याको आधारमा सीप मिश्रण हुने गरी जनशक्तिको थप दरवन्दी सिर्जना गरी गुणस्तरीय सेवाको प्रत्याभूति गरिनेछ ।

२.५ महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिबृद्धि गरी आवश्यक प्रोत्साहनसहित उनीहरुको सेवालाई थप गुणस्तरीय बनाइनेछ ।

**३. आयुर्वेद चिकित्सा प्रणालीको विकास तथा प्रचलित अन्य पूरक चिकित्सा प्रणालीहरुको संरक्षण एवं व्यवस्थित विकास गर्न निम्न अनुसारका रणनीतिहरु (नीति ३ सँग सम्बन्धित) लिइनेछ ।**

३.१ आयुर्वेद प्रणालीको क्रमबद्धरुपमा विकास गरिनेछ । यस क्षेत्रमा अनुसन्धामद्धारा सेवाको गुणस्तरको मुल्याङ्कन गरी विकास एवं परिमार्जन गरिनेछ । होमियोप्याथी, यूनानी तथा अन्य पूरक चिकित्सा

मुसिकोट राजपत्र

प्रणालीहरुको संरक्षण, विकास एवं विस्तारका लागि दीर्घकालीन योजना निर्माण गरी लागु गरिनेछ ।

३.२ आयुर्वेद रुपमा उपलब्ध जडीबुटीहरुको संरक्षण र समुचित प्रयोगका लागि विशेष योजना तथा कार्यक्रम सहित उत्पादन बृद्धि र व्यवसायीकरणमा जोड दिइनेछ ।

३.३ आयुर्वेद तथा जडीबुटीका नाममा हुने अनुचित गतिविधिहरुलाई नियमन गरी आयुर्वेद स्वास्थ्य सेवाको गुणस्तर बृद्धिमा विशेष ध्यान दिइने छ ।

**४. गुणस्तरीय औषधी र स्वास्थ्य सामाग्रीको सहज, नियमित तथा प्रभावकारी आपूर्ति एवं उपयोगलाई सुनिश्चित गर्न निम्न अनुसारका रणनीतिहरु (नीति ४ सँग सम्बन्धित) लिइनेछ ।**

४.१ गुणस्तरीय पर्ने अत्यावश्यक औषधीहरु नियमित आपूर्ति गर्ने व्यवस्था मिलाइनेछ ।

४.२ औषधी तथा उपकरणहरुको भण्डारणको लागि छुट्टै स्टोरको व्यवस्था गरिने छ, नगर क्षेत्र भित्रका सरकारी स्वास्थ्य संस्थाहरुमा निःशुल्क वितरणको लागि सुचिकृत भएका औषधीहरु वर्ष भरिनै अभाव नहुने व्यवस्था मिलाइने छ, साथै आवश्यक उपकरणहरु उपलब्ध गरिने छ, उपलब्ध गरिएका औषधी तथा उपकरणहरुको समुचित प्रयोग तथा वितरण भएनभएको नियमित अनुगमन गरिने छ ।

४.३ हरेक स्वास्थ्य संस्थाहरुबाट निःशुल्क वितरण हुने अत्यावश्यक औषधीको प्रकार तथा संख्यामा क्रमशः बृद्धि गर्दै जाने र वितरण गर्ने औषधीको दुरुपयोग नियन्त्रणको विशेष व्यवस्था गरिनेछ ।

४.४ औषधीको अनुगमन, खरिद र वितरण व्यवस्थापनलाई थप सुदृढ तुल्याउन प्रक्रियागत सुधार गरिनेछ ।

**५. नगर क्षेत्र भित्रका निजि अस्पताल, क्लिनिक तथा निजि स्वास्थ्य संस्थाहरुको नियमित नियमन, नियन्त्रण, अनुगमन तथा विभिन्न सूचकहरुको रिपोर्टिंग गर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न निम्न अनुसारका रणनीतिहरु (नीति ५ सँग सम्बन्धित) लिईनेछ ।**

५.१ यस मुसिकोट नगरपालिका क्षेत्र भित्रका नियम अनुसार प्रक्रिया पुरागरी दर्ता भएका निजि स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको नामावली अधावधिक गरिने छ ।

५.२ नियम अनुसार दर्ता नभएका स्वास्थ्य सेवा प्रदायक संस्थाहरुलाई सञ्चालनमा रोक लागिने छ साथै मापदण्ड पुरानगरेका स्वास्थ्य संस्थाहरुले राष्ट्रिय मापदण्ड पुरा नगरे त्यस्ता संस्थाहरुलाई समेत सञ्चालनमा रोक लगाईनेछ ।

५.३ निजि स्वास्थ्यहरुले प्रदान गर्दै आएको एकै प्रकृतिका स्वास्थ्य सेवाहरुको एकरुपता कायम गरिने छ ।

५.४ नियमित रुपमा स्वास्थ्य संस्थाहरुको अनुगमन तथा सुपरभिजन गरिने छ ।

५.५ रिपोर्टिंग प्रणालीमा एकरुपता ल्याउन निजि स्वास्थ्य संस्थामा रेकर्डिंग तथ रिपोर्टिंगमा कार्यरत कर्मचारीहरुलाई तालिमको व्यवस्था मिलाइने छ ।

**६. स्वास्थ्य सम्बन्धी सन्देश एवं सूचना पूर्ण रुपमा प्राप्त गर्ने सूचनाको हक सम्बन्धी अधिकारलाई कार्यरुपमा परिणत गर्न शिक्षा, सूचना र सञ्चार कार्यक्रमलाई उच्च प्राथमिकता दिई जनस्वास्थ्य प्रवद्र्धन गर्न निम्न अनुसारका रणनीतिहरु (नीति ६ सँग सम्बन्धित) लिइनेछ ।**

६.१ स्वास्थ्य क्षेत्रमा भए गरेका सम्पूर्ण कार्यहरुको सूचना सहज र सरल ढङ्गले सम्पूर्ण नागरिकहरुको पहुँचमा पु-याउने नगरस्तरीय स्वास्थ्य सूचना प्रणालीको विकास गरिनेछ ।

६.२ व्यक्ति वा समुदायको चेतना बृद्धि गरी स्वास्थ्य प्रबद्र्धन गर्न, रोगहरुको रोकथाम गर्न, समयमा नै स्वास्थ्य लाभ गर्न र व्यवहार परिवर्तन गर्न स्वास्थ्य शिक्षा सूचना तथा सञ्चारको व्यापक प्रयोगलाई उच्च प्राथमिकता राखिनेछ।

६.३ नागरिकको स्वास्थ्यमा प्रातिकुल असर पर्ने सुर्ती, सुर्तीजन्य पदार्थ, मदिरा, मदिराजन्य एवं अन्य खाद्यपदार्थको विज्ञापन र प्रवद्र्धनमा वन्देज लगाइनेछ । त्यसैगरी नागरिकको यौनजीवनलाई प्रत्यक्ष नकारात्मक असर पार्ने कुनै पनि प्रकारका सञ्चार सामग्रीहरुमा बन्देज लगाइनेछ।

६.४ जनसाधारणलाई प्रयोगमैत्री र मान्य हुने गरी स्थानीय भाषामा समेत सूचनामुलक, प्रवद्र्धनात्मक र जनचेतनामुलक स्वास्थ्य शिक्षा र सूचनाको प्रवाह गर्न सरकारी र गैर सरकारी क्षेत्रहरुलाई परिचालित गरिनेछ।

६.५ विद्युतीय लगायतका सबै सञ्चार माध्यमको उच्चतम् उपयोग गरी स्वास्थ्य सम्बन्धी जानकारी लिन सबै नागरिकलाई प्रोप्साहित गरिनेछ।

६.६ विद्यालय स्वास्थ्य कार्यक्रमलाई यस नगरपालिकाका विद्यालयहरुमा लागू गरिनेछ । यसका लागि हाल कार्ययोजना तयार गरी स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुलाई एकीकृत गरी विस्तृत कार्यविधि सहितको कार्ययोजना तयार गरी स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ।

६.७ स्वास्थ्य सेवा खास गरी विरामीको उपचारसँग सम्बन्धित सम्पूण सूचनाहरु सम्बन्धित सेवाग्राहीले प्राप्त गर्ने सूचनाको हक स्थापित गर्न आवश्यक व्यवस्था गरिनेछ।

**७. गुणस्तरीय एवं स्वास्थ्यवद्र्धक खाद्यपदार्थको प्रवद्र्धन, प्रयोग मार्फत कुपोषणलाई न्यूनीकरण गर्न निम्न अनुसारका रणनीतिहरु लिइने (नीति ७ सँग सम्बन्धित) छ।**

७.१ स्थानीय तहमा उपलब्ध हुने तथा उत्पादन गर्न सकिने खाद्य पदार्थको उत्पादन, प्रबद्र्धन र प्रयोगलाई विशेष जोड दिने गरी समुदायमा आधारित पोषण सम्बन्धी शिक्षा लगायतका माध्यमबाट दिर्घकालीनरुपमा कुपोषणमुक्त गारउन आवश्यक व्यवस्था गरिनेछ ।

७.२ कुपोषणको अवस्थामा सुधार ल्याउन विद्यमान बहुक्षेत्रीय पोषण सम्बन्धी नीति तथा खाद्य सुरक्षा लगायत कार्यक्रमहरु अध्यावधिक गर्दै उच्च प्राथमिकताका साथ लागू गरिनेछ ।

७.३ खाद्य सुरक्षा र पोषण्को अवस्था बीच प्रत्यक्ष सम्बन्ध रहने भएकोले खाद्य सम्प्रभुता बढाउन करेसाबारीको प्रवद्र्धन गर्ने र हरियो सागसब्जी र फलफुलको दैनिक सेवन कम्तीमा ४०० ग्राम पु-याइनेछ ।

७.४ शरीरलाई हानी पु-याउने प्रशोधित तथा तयारी खानेकुराहरु (Junk Foods) मदिरा र पेय पदार्थको प्रयोगलाई निरुत्साहित गर्दै होटल र रेष्टुरेन्टबाट विक्री वितरण गरिने खानेकुराहरुको गुणस्तर अनुगमन गर्ने व्यवस्था गरिनेछ ।

७.५ खाद्य तथा मासुजन्य उत्पादनमा प्रयोग हुने मानिसको स्वास्थ्यलाई प्रतिकुल असर पार्ने खालका रासायनिक पदार्थहरु र विषादीहरु हटाउन सम्बन्धीत सरोकारवालाहरुसँग सहकार्य गरिनेछ ।

७.६ खाद्य पदार्थजन्य रोग तथा मोटोपनालाई नियन्त्रण गर्न उपयुक्त जीवनशैलीलाई प्रोत्साहित गर्नै लगिनेछ ।

७.७ स्वास्थ्यलाई हानी गर्ने गरी खाद्य पदार्थमा हुने मिश्रण (Adultaration) लाई कानुनको दायरामा ल्याई दण्डित गर्ने व्यवस्था मिलाइनेछ ।

**८. सक्षम एवं जवाफदेही समन्वय, अनुगमन तथा नियमन संयन्त्र एवं प्रक्रियाद्धारा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गर्न निम्न अनुसारका रणनीतिहरु (नीति ८ सँग सम्बन्धीत) लिइनेछ ।**

मुसिकोट राजपत्र

८.१ सरकारी तथा गैरसरकारी क्षेत्रबाट उपलब्ध गराइने सम्पूर्ण स्वास्थ्य सेवाहरुको नियमन गर्न कानूनी संस्थागत व्यवस्था गरी गुणस्तरीय स्वास्थ्य सेवा प्राप्तिको सुनिश्चितता गरिनेछ ।

८.२ चिकित्सकले औषधीको सिफारिश गर्दा जेनेरिक नाममा सबैले बुझ्ने गरी स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने व्यवस्था गरिनेछ ।

८.३ गुणस्तरीयत स्वास्थ्य सेवा प्राप्त गरेको यकिन हुने गरी स्थानीय तह स्वास्थ्य निर्देशिका र प्रोटोकलहरु तयार गरिनेछ । रोगहरुको उपचारका लागि अस्पतालहरुले स्थानीय आवश्यकता अनुसारको प्रोटोकल तयार पारी लागु गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

८.४ जनतामा प्रवाह गरिने स्वास्थ्य सेवाको उच्चतम् गुणस्तरको सुनिश्चितताका लागि सेवा प्रदायक जनशक्ति, प्रयोग गरिने प्रविधि, प्रयोगमा ल्याइने औषधी, उपकरण आदि सरसामानको मापदण्ड सहितको उच्च गुणस्तर कायम गर्न निरन्तर अनुगमन र नियमन गरिनेछ ।

८.५ नगर क्षेत्र भित्रका प्रयोगशाला÷रक्त सञ्चार केन्द्रहरुलाई स्तरीय तुल्याउनुका साथै सो प्रयोगशाला÷केन्द्रहरुको रोग मापदण्ड अनुसार स्तरीय हुनुपर्ने गरी नियमन गरिनेछ ।

८.६ सरकारी वा गैर सरकारी क्षेत्रबाट दिइने स्वास्थ्य सेवाको गुणस्तरको निरन्तर अनुगमन एवं मुल्याङ्कन गरी सो को आधारमा पुरस्कार तथा दण्डको व्यवस्था गरिनेछ ।

८.७ गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह लाई थप व्यवस्थित गर्न तथा Antibiotics औषधीको समुचित प्रयोग सुनिश्चित गर्न (National Antibiotics Treatment Guidelines) अनुसार उपचार गरिने व्यवस्था लाई प्रभावकारी रुपमा लागु गरिने छ ।

**९. स्वास्थ्य क्षेत्रको व्यवस्थित तथा गुणस्तरीय विकासका लागि सार्वजनिक तथा निजी क्षेत्रको सहकार्यलाई प्रवद्र्धन गर्न निम्न अनुसारका रणनीतिहरु (नीति ९ सँग सम्बन्धित) लिइनेछ ।**

मुसिकोट राजपत्र

९.१ सार्वजनिक तथा निजी क्षेत्रको सहभागिताको अवधारणालाई थप प्रोप्साहित गर्न सार्वजनिक तथा निजी सहभागीतालाई एक आपसमा परिपूरक हुने गरी विकसित गरिनेछ

९.२ स्वास्थ्य क्षेत्रमा सहकारी अवधारणालाई आवश्यक प्रोप्साहन तथा व्यवस्थित गर्न कानुनी व्यवस्था गरिनेछ ।

**१०. स्वास्थ्यसँग सम्बन्धित बहुपक्षीय सरोकारवाला निकायहरुको सहकार्यलाई थप सुदुढ गर्न नगरपालिकाको प्रत्येक स्वास्थ्यलाई मूल प्रवाहीकरण गर्न निम्न अनुसारका रणनीतिहरु (नीति १० सँग सम्बन्धित) लिइनेछ ।**

१०.१ स्वास्थ्यलाई विकासको मुख्य एजेन्डाको रुपमा स्वीकार गर्दै विद्यमान बहुपक्षीय सहकारीतालाई थप सुदृढ बनाइने छ । सम्बद्ध सबै नीतिहरुमा स्वास्थ्यसम्बन्धी मुद्धाहरुलाई समावेश गराइनेछ ।

१०.२ स्वास्थ्य सेवा प्राप्तिमा सुरक्षित खानेपानी, सरसफाइ, ऊर्जा, खाद्य सुरक्षा, जलवायु, वातावरण, शिक्षा, आवास, सडक लगायत भौतिक विकास जस्ता अनेकौँ पक्षहरुको प्रभाव हुने भएकाले बहुपक्षीय समन्वय हुने गरी कार्ययोजनाहरुको तयार गरी लागू गरिनेछ ।

१०.३ नेपालले सन. २०१५ सम्मका लागि निर्धारित स्वास्थ्य सम्बन्धी सहस्राब्दी विकास लक्ष्यमा प्राप्त गरेको प्रगतिलाई दिगो बनाउदै त्यसपछि निर्धारित हुने लक्ष्यलाई प्रभावकारी ढङ्गले सम्बोधन गरिनेछ ।

१०.४ जलवायु परिवर्तनबाट पर्ने स्वास्थ्य सम्बन्धी नकारात्मक असरको सम्बोधनका लागि समष्टिगत व्यवस्थापन गर्न राष्ट्रिय संजाल तथा संयन्त्र एवं अवसरको समुचित प्रयोग गर्दै बहुपक्षीय कार्ययोजना बनाई सरोकारवाला सम्पूर्ण निकायसँग सहकार्य गरिनेछ ।

१०.५ पशुपक्षी तथा कीटहरुबाट मानिसमा सर्ने रोगहरुको व्यवस्थापनका लागि सरोकारवाला निकायहरुसँग प्रभावकारी समन्वय र सहकार्यको समुचित व्यवस्था गरिनेछ ।

**११. स्वास्थ्य संरक्षण तथा प्रवद्र्धनका लागि वातावरण प्रदुषणको प्रभावकारी नियन्त्रण गर्दै स्वच्छ वातावरण बाँच्न पाउने नागरिक अधिकारलाई सुनिश्चित गर्न निम्न अनुसारका रणनीतिहरु (नीति ११ सँग सम्बन्धित) लिइनेछ।**

११.१ स्वास्थ्य संरक्षण र प्रवद्र्धनका लागि पर्यावरणीय प्रदुषण र मौसम परिवर्तनबाट हुने प्रतिकुल असरको प्रभावकारी नियन्त्रण गर्ने संयन्त्र निर्माण गरी नियमन गरिने कार्यमा सक्रिय नेतृत्व लिई सहकार्य गरिनेछ।

११.२ स्वास्थ्य सेवाजन्य फोहोरमैलाको वैज्ञानिक ढङ्गले व्यवस्थापन गर्न प्रभावकारी व्यवस्था लिइनेछ । साथै फोहोरमैला व्यवस्थापनका सन्दर्भमा विद्यमान कानूनी व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ ।

११.३ स्वास्थ्य क्षेत्रमा प्रयोग हुने विकिरणहरुको व्यवस्थापन राष्ट्रिय मापदढण्ड अनुरुप गरी कानून तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

**१२. विविध**

१२.१ सेवाग्राही जनतालाई उचित गुणस्तरको, यथेष्ट, उपयुक्त र यथासमय स्वास्थ्य सेवा छिटो छरितो उपलब्ध होस् भन्ने ध्येयले निजी, व्यापारिक समुदाय, सहकारी, सामुदायिक तथा विकासका साझेदार संस्थाहरु र नाफा नकमाउने सेवा प्रदायकरुसँग साझेदारी र सहकार्यलाई प्रोत्साहन गरिने छ।

१२.२ स्वास्थ्य क्षेत्रअन्तगत निर्माण गरिने सबै भौतिक संरचनाहरु अपाङ्गमैत्री, बालमैत्री तथा भूकम्प प्रतिरोध बनाउदै लगिनेछ। हाल प्रयोगमा रहेका तर जोखिममा रहेका संरचनाहरुलाई उपलब्ध प्रविधिद्धारा सवलीकरण गरी भूकम्प प्रतिरोधी बनाइनेछ।

१२.३ स्वास्थ्य व्यवस्थापनका लागि आधुनिक सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ।

मुसिकोट राजपत्र

१२.४ प्राकृतिक विपद् वा अन्य कारणबाट आइपर्ने आकस्मिक स्वास्थ्य समस्याहरुको तत्काल सम्बोधन गर्ने गरी बहुपक्षीय कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

१२.५ स्वास्थ्य सेवाको गुणस्तर, सहज पहुँच र निरन्तरताको लागि सेवा व्यवस्थपनमा समुदायका सहभागीताकलाई प्र्ोत्साहन गरिनेछ ।

१२.६ स्वास्थ्य क्षेत्रमा खर्च गरिने रकम, खर्च नभई लगानी भएको तथ्थलाई आत्मसात् गर्दै स्वास्थ्य क्षेत्रमा प्रतिव्यक्ति लगानी निर्धारण गरी जनसंख्याको आधारमा बजेट छुट्याउने व्यवस्था गरिनेछ । प्रति व्यक्ति लगानीलाई क्रमशः बृद्धि गर्दै लगिनेछ ।

१२.७ सर्वसुलभ स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितताका लागि विमा योजना लागू गरिनेछ । असमर्थ तथा आर्थिक रुपले विपन्नलाई छुट दिने व्यवस्था गरिने छ ।

१२.८ स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई पूर्ण कम्प्युटर प्रणालीमा स्तर उन्नती गरिनेछ ।

**७. वित्तीय स्रोत ः**

सरकारी स्रोत (सशर्त अनुदान र निशर्त अनुदान बाट विनियोजित रकम) तथा अन्य सरकारी कोष बाट प्राप्त रकम तथा निजि क्षेत्रको यस क्षेत्रमा हुने लगानी समग्रमा यस स्वास्थ्य नीति कार्यन्वयनका स्रोत हुने छन् ।

**प्रमाणिकरण मिति :** २०७४।१२।३०

**आज्ञाले,**
**घनश्याम न्यैपाने**
**प्रमुख प्रशासकीय अधिकृत**

**मूल्य रू।२०**

मुसिकोट राजपत्र